# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

### २०७८/०१/०७

### सातौं अधिवेशन

### (एक्काइसौं बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको एक्काइसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टका तर्फबाट सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिबेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनी प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ को देहाय खण्ड ख बमोजिमको प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(“हुन्छ” भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलफलमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय अमर बहादुर साउँद लाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, नेपालको संविधान २०७२ लागु भैसकेपछि हामी संघीयताको सफल कार्यान्वयनमा अगाडी बढीरहेका छौ । तत्अनुसार सुदूरपश्चिम प्रदेश सभा सुदूरपश्चिम प्रदेश सरकार पनि विभिन्न संघीयताका अभ्यासहरु नेपालमा तीन तहको सरकार स्थानीय तह, प्रदेश र संघीय सरकार सबैका आ-आफ्ना स्वायत्त अधिकारहरु छन् । सबै तहका सरकारले ऐन कानून बनाउने, नीति नियम बनाउने देखि विभिन्न प्रावधानहरु हाम्रो संविधानले व्यवस्था गरेको छ । तदअनुसार सुदूरपश्चिम प्रदेश सभा सुदूरपश्चिम प्रदेश सरकारले पनि यो अत्यन्तै महत्वपूर्ण विधेयक राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ जुन उद्योग पर्यटन बन तथा बातावरण मन्त्रालयद्वारा हाम्रो सदनमा प्रस्तुत भएर सम्बन्धीत समितिमा दफावार व्यापक छलफल भएर यसलाई अन्ति रुप दिनका लागि आज प्रदेश सभामा हामी छलफलमा अगाडी बढीरहेका छौ र विभिन् सुदूरपश्चिम प्रदेशमा करिब ६० प्रतिशत बन क्षेत्र रहेको जुन भौगोलिक अवस्था छ । यहा थुप्रै प्राकृतिक स्रोत साधनहरु विशेष गरि बन र बनजन्य पदार्थहरु थुप्रै छन् । तदअनुसार अहिले सम्म विभिन्न खालका भौतिक विकासलाई बन ऐनले यहा भन्दा अगाडीका विभिन्न बन नीतिहरुले राष्ट्रिय बन नीतिहरुले विकासलाई अलिकति द्वन्दात्मक बन र भौतिक विकासको द्वन्त भैरहेको परिपेच्छे हामीले देखिराखेका छौ । हामी आज धनगढी उपमहानगरपालिकाको सुदूरपश्चिमको एउटा राजधानीमा अवस्थित भैरहदा सुदूरपश्चिमको यो उपमहानगरपालिका एउटा मात्रै उपमहानगरपालिकाका विभिन्न पिच सडकमा हजारौ रुखहरु सुखा खडा, ढलापडा र नेपालको जुन बन नीति विभिन्न खालमा विभिन्न हिसाबले त्यस माथि टिकाटिप्पणी पनि भए वैज्ञानिक बनमा विभिन्न खालका काचा रुख काट्न पाउँने तर अलपत्र सुदूरपश्चिम प्रदेशको कैलाली र कंचनपुरमा लाखौ क्यूफिट काठ प्रत्येक बर्ष आगजनी गरेर सडेर र अन्य चोरी निकासी तस्करी भएर सिधिएको अवस्था हो तर पनि हाम्रो बन ऐनले त्यसलाई रोकिरहेको त्यसलाई व्यवस्थापन गर्न नसकिरहेको परिपेक्षमा जुन यो राष्ट्रिय बन ऐन

सुदूरपश्चिम प्रदेश सरकारले तयार गरेको छ अब उप्रान्त भौतिक विकास र जुन बनको बीचमा जुन द्वन्त हुने खालका जुन प्रावधान थिए अबको उप्रान्त सुदूरपश्चिम प्रदेश सभाको यो राष्ट्रिय बन नीति अथवा यो विधेयक आइसकेपछि हामीले विश्वास गरेका छौ ती विभिन्न खालका अलिकति असन्तुलित प्रावधान अब यो विधेयक लागु भैसकेपछि समाधान हुने मामीले अपेक्षा गरेका छौ । त्यसैगरि विभिन्न खालका औद्योगिक स्थापना विकासका लागि औद्योगिकरणको महत्वपूर्ण योगदान हुन्छ तर हाम्रो राष्ट्रिय बन ऐनले औद्योगिकरणलाई पनि बाधकको रुपमा यहा भन्दा अगाडी रहेको हामीले देखेका छौ र विभिन्न सरकारी प्रयोजनमा हामीले जादा खेरी अड्डा अदालतमा जादा खेरी प्रचलित कानून अनुसार भन्ने शब्द महत्वपूर्ण प्रयोग गर्ने गरेको हामीले पाएका छौ जसले गर्दा खेरी प्रचलित कानून भनेको कसलाई मान्ने २००५ सालमा बनेको राष्ट्रिय बन ऐनलाई मान्ने कि त्यस पछी विभिन्न कालखण्डमा बनेका तर पनि ती अहिले सम्मका प्रावधानले यो औद्योगिकरण लाइ पनि एउटा खालको रोकि राखेको अवस्था सुदूरपश्चिममा छ । त्यसैले हामीले विभिन्न खालका यो जुन अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा यो विधेयक माथि दफावार छलफलमा त्यो समितिका साथिहरुले एकदम गहन ढंगले छलफल गरेर ती प्रचलित कानून अनुसार रहेका प्रावधानहरुलाई हटाएर औद्योगिक स्थापनाका लागि पहाडमा २०० मिटर जंगलक्षेत्रबाट र तराईमा ३०० मिटर दुरीमा स्थापना गर्न पाउँने अथवा संचालन गर्न पाउने एउटा महत्वपूर्ण प्रावधान यहा राखिएको छ । त्यसै गरि अन्य थुप्रै अब एकचोटीका लागि जुन मैले अघि उल्लेख गरे हाम्रो कैलाली र कंचनपुरमा हजारौ लाखौ क्यूफिट काठ जुन सुखा खडा नगरपालिकामा होस चाहे गाउँपालिकामा होस चाहे अन्य उपमहानगरपालिकामा होस सबै ठाउँमा यो अव्यवस्थित बसोबास भएका ठाउँहरुमा जुन सुखाखडा र ढलापडा छन् एकचोटीका लागि त्यसलाई निकालेर अथवा त्यसलाई संकलन गरेर राज्यको मुलस्रोतमा अथवा राज्यको अर्थतन्त्रमा योगदान पुर्याउने खालको प्रावधान यो ऐनले राखेको मैले पाएको छु । अत्यन्तै सुदूरपश्चिमका लागि समग्र राष्ट्रका लागि यो राष्ट्रिय अर्थतन्त्रका लागि यो एउटा महत्वपूर्ण कोसेढुंगा सावित हुने छ भन्ने मैले बुझेको छु र यस्तै अन्य जडिबुटी देखि जुन आपूर्तिका कुराहरु छन् हामीले विभिन्न खालका भौतिक निर्माण गरिरहदा अहिले सम्म व्यवस्थित रुपले काठको आपूर्ति अवैधानिक रुपले सबैले गरेका छौ तर वैधानिक रुपले कहि पनि व्यवस्थित गरेको पाइदैन यो विधेयक लागु भैसकेपछि अथवा पास भैसकेपछी अब जुन काष्ठजन्य पदार्थको अथवा काठको आपूर्तिलाई व्यवस्थापन गर्नका लागि पनि यहा महत्पूर्ण प्रावधानहरु राखिएको हामीले पाएका छौ र यि अत्यन्तै राम्रा प्रावधान यो राष्ट्रिय बन ऐन २०७७ अथवा सुदूरपश्चिम प्रदेश सभाबाट जुन आज अन्ति रुप दिने तयारी गरिएको राष्ट्रिय बन विधेयक २०७७ सुदूरपश्चिम प्रदेश सरकारको जुन आएको छ । यो अत्यन्तै राम्रो छ यसले एकदम सुदूरपश्चिमलाई समृद्धितिर अथवा बन क्षेत्रलाई व्यवस्थित गर्ने अथवा विभिन्न खालका सामुदायिक बन, बैज्ञानिक बन अथवा साझेदारी बन, नीजि बन, कबुलियति बन, धार्मिक बन अन्य थुप्रै खालका बनलाई संरक्षण गर्ने खालका प्रावधान पनि यो भित्र रहेका छन् यिनले गर्दा खेरी आज सम्म हामीले सुदूरपश्चिमबासिले अथवा नेपाली नागरिकले नीजि बन बनाएता पनि त्यसलाई व्यवस्थापन गर्ने त्यसलाई सहज रुपले व्यवस्थित गर्नका लागि कानूनको अभाव थियो अब देखि विभिन्न व्यक्तिहरुले व्यवसायिक रुपले विभिन्न खालका बन आफुले नीजि पनि बनाउन सकिने पनि एउटा प्रावधान यो विधेयकले व्यवस्था गरेको छ त्यसैले यो समग्रमा सुदूरपश्चिमका लागि सबैका लागि

महत्वपूर्ण विधेयकको रुपमा हामीले यसलाई ग्रहण गरेका छौ र यसलाई सबैले त्यो रुपले बुझेका छन् र संघीयताको अनुभूति दिलाउने खालको एउटा महत्वपूर्ण विधेयकको रुपमा हामीले महसुस गरेका छौ र यो ऐन लागु भैसकेपछी अब उप्रान्त सबै क्षेत्रमा विभिन्न बन क्षेत्रमा रहेका विकृतिहरु विसंगतिहरु समाधान हुने खालको एउटा बाटो खुल्ने विधेयकको रुपमा यो विधेयक आएको छ त्यसैले यो विधेयक अत्यन्तै राम्रो छ भन्ने मेरो महत्वपूर्ण धारणा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय विरमान चौधरी**

माननीय सभामुख महोदय, यो सुदूरपश्चिम प्रदेश राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सरकारले समयमा ल्याएको छ र धेरै मेहनत गरेको पनि छ र त्यसलाई परिस्कृत गर्दै प्राकृतिक स्रोत समितिले पनि धेरै ठुलो मेहनत गरेर प्रतिबेदन बुझाएको छ र यो प्रतिबेदन बुझाइरहदा र मैले फेरी रिपिट गरेर फेरी एकचोटी हेरे फेरी पुरानो ऐन त्यसमा पनि मेरो केही सुझावहरु छ र समितिले दुइवटा दफा हटाएको छ र एउटा दफा थपेको छ जस मध्ये २८ वटा संशोधन गरेको छ यसमा मैले सरसरती हेरिरहदा एउटा जुन दफा थपिएको छ र २ वटा दफा हटाइएको छ त्यो हटाएको दफामा मलाई एकदम ठिक नै लागेको छ र थपेको दफा पनि एउटा ६३ को (३) बनाएको छ यसलाई र यसमा धेरै राम्रो गहन तरिकाले अध्ययन गरेको छ मेरो अर्को सुझाव के छ भने यसमा मैले सरसरती हेरे मैले त धेरै त हेर्न पाएन यसमा २-३ वटा दफाहरुलाई मेरो आखा पर्न गयो त्यसमा त्यस मध्येको एउटा स्थानीय तहलाई हामीले कहि न कहि एड्रेस गर्दा एउटा बुदामा मात्रै देखे जस्तै स्थानीय तहको आफ्नो मातहतमा रहेको जमिनको अथवा त्यो कुरालाई विकास गर्न सक्ने त बनायौ तर अन्य उसमा स्थानीय तहलाई हामीले संलग्न गराउन सकेनौ एउटा मैले देखेको स्थानीय तहले आफ्नो चाहि स्वामित्व र जग्गालाई चाहि बन बनाउन के गर्न सक्ने तो कुरालाई हामीले बोलिदियौ त्यो राम्रो पक्ष छ तर स्थानीय तह चाहि प्रदेश सरकारसँग कसरी समन्वय गर्ने भन्ने कुरामा अलिकति अपुगता मैले यो ऐनमा मेरो दिमागले भ्याए सम्म एउटा कुरा त्यो देखे मैले यद्यपी सरसरती हेरे त्यसको अर्थ पनि खोज्न कोसिस गरे त्यसको सँगसँगै मेरो सुझाव के छ भन्दा यहा मनोनित गर्ने विधेयकको संशोधनमा पनि आएको छ ३ जनाको कुरा यहा २ जना विधेयकले भनेको थियो यसमा मेरो सुझाव के छ भने बन सँग सम्बन्धीत सरोकारवालालाई नै यसम प्राइरिटी हामी किन नदिने भन्ने कुरा कहि न कहि छुट्न गएको छ किन कि जसले साझेदारी बन अथवा सामुदायिक बन तथावा राष्ट्रिय बन क्षेत्रमा काम गरिरहेका मान्छेलाई हामीले किन नराख्ने क्याविनेटले नियुक्त गर्ने भन्यो तर त्यसको मापदण्ड बनाएनौ हामीले यसले यसमा पनि त्यो कुराहरु उल्लेख त भयो तर कुन कुन मान्छे हामीले ल्याउने भन्ने कुरा ऐनले बोल्न सकेन हाम्रो ऐनले नबोल्दा खेरी हामीलाई मैले देखेको त्यहा कुनै न कुनै पोलटिकल रुपमा जुन पार्टीको छ त्यहा आफ्नो कार्यकर्ता ल्याउने अथवा अर्को ल्याउने त्यसो गर्दा खेरी बन र बातावरण सँग सम्बन्धीत जस्तो संवेदनशिल विषयमा त्यो सँग सरोकारवाला मान्छे ल्याउदा नै राम्रो हुन्छ भन्ने यो संशोधनमा पनि मैले फेला पारेन र यो ऐनमा पनि मुल ऐनमा पनि मैले त्यो फेला पारेन त्यसले गर्दा खेरी मेरो सूझाव के छ भने यसमा सरकार र सदनले यसलाई विचार गरोस एकचोटी फेरी ध्यान देवस भन्ने मेरो सुझाव छ किन कि अरु सबै कुरा मैले सरसरती हेरे यसमा चाहि तर मनोनयन गर्दा खेरीको उसमा मेरो जोडदार

तरिकाले सुझाव छ र अर्को कुरा चाहि जग्गा प्राप्ती, प्रशोधनको धेरै चिडियाखाना देखि सबै कुराहरु हेरे तर यसमा खनिज पदार्थहरु गर्दा खेरी मन्त्रालयसँग अनुमति लिने सम्मको कुरा बोल्या छ यो ऐनले यसमा संशोधनमा पनि फेला पारेन त्यो कुराहरु खनीज सम्बन्धी प्राप्त भैसकेपछिको बाटो खोलेको छैन यो ऐनले के भनिदियो भन्दा खेरी अब कति खेरको कानूनलाई हामीले मान्ने हाम्रो प्रदेशमा त यो पहिलोचोटी बन्दै छ तर प्रचलित कि त संघको कानून मान्नु पर्यो कि त यहा त्यो खुलाउनु पर्यो । यसले के भन्छ भन्दा खनीज पदार्थ अन्वेषणका लागि मन्त्रालयबाट अनुमति लिने कुरा ठिक छ प्राप्त भैसकेको खनिज पदार्थ राष्ट्रिय बन वा सामुदायिक बन वा साझेदारी बनमा प्राप्त भयो भने त्यो कुरालाई कस्को अधिनमा रहने यो ऐन बोल्नु पर्थ्यो यो ऐनमा जस्तै खनीज पदार्थ मानौ कुनै पेट्रोलियम पदार्थ भेटीयो, कतै सुनखानी भेटीयो, सीसाखानी भेटीयो कुनै पनि चिज पदार्थ भेटीन सक्छ भने त्यो कस्को अण्डरमा रहने भन्ने कुरा यो ऐनले बोलेन त्यसले गर्दा खेरी मेरो सुझाव के छ भन्दा खेरी सम्मानीत समितिले धेरै मेहनत पनि गरेर ल्याएको छ समिति प्रति मेरो आभार पनि म व्यक्त गर्न चाहान्छु तर मैले अस्थि पढेको धेरै ध्यान थिएन फेरी अक्कल जीले तपाइ नै बोल्नुस भन्दा मैले विहान हेरे सरसरती रिपिट गर्दा खेरी मैले यो तीन वटा लुक्सहरु मैले देखे त्यसले गर्दा खेरी सभामुख महोदय मेरो सभामुख महोदय मार्फत यो सम्मानीत सदनलाई के अनुरोध छ भने यसलाई के गरेर फुकाउने हुन्छ यि तीन वटा कुरा मैले हेरेको मैले देखेको यति तीन वटा कुरा भयो त्यसैले गर्दा खेरि यो मेरो सुझाव हो अब यसमा सरकार त्यसपछि सदनको कुरा होला त्यसैले यो कुरालाई अलिकति महत्वपूर्ण तरिकाले मैले हेर्या हुनाले यो के गर्दा खेरि उपयुक्त हुन्छ यो सदनले चाहि सोचोस भन्ने कुरा राख्दै विदा हुन्छु हवस धन्यवाद ।

**माननीय गोविन्द राज बोहरा**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धीत समितिमा छलफल भएर यसलाई परिमार्जित गरेर ल्याइएको छ । झण्डै यो सदनको ५ बर्षको अवधीमा ३ बर्ष नाघी सकेपछि यो विधेयक आयो तै पनि धन्यवाद दिनै पर्छ सामुदायिक बन जुन अवस्थामा पहिला थियो एक समय कस्तो थियो भने एउटा रेन्जरले हामीले कुनै काठ घर बनाउदा खेरी एउटा रेन्जरलाई सोधेर त्यो रेन्जरको पूर्जि लिएर अफिसमा गएर काठ उपलब्ध गराउने घर बनाउने भन्ने अवस्था थियो तर पछिल्लो अवस्थामा नेपाली कांग्रेसको सरकार बनेको बेला सामुदायिक बनको एउटा कन्सेप्ट आयो यो कन्सेप्टले सामुदायिक बन बनाउदा खेरी जुन समुहमा जुन परापूर्व काल देखि उपभोग गरेको बनहरु छ त्यो बनलाई त्यो टाइपले उपभोग गर्न पाउनु पर्छ भन्ने एउटा धारणाका आधारमा त्यसको कानून बनाइयो र साच्चीकै त्यसले जंगललाई सुरक्षित पार्यो र जंगलको परिधी पनि बढायो र त्यसले जनतालाई सुविधा पनि भयो र त्यसलाई त्यसको केही विकृतिहरु पछिल्ला दिनमा आयो त्यो विकृति कानूनको अभाव विभिन्न कारणले ती विकृतिहरु आएका छन् तर सामुदायिक बनको धारणा नेपालमा स्थापित भो यसले बनलाई सुरक्षित गरेको छ बनको परिधीलाई बढाएको छ र जनतालाई सुविधा दिने काम भएको छ र त्यसका सँग सँगै यो बनको उपभोग जस्तो ढलापडा छ सब कुरा हावाहुरीले गराएको हुन्छ साच्चीकै राष्ट्रिय आम्दानी पनि यसबाट हुने चिज हो बन भनेको र ढलापडा त्यस्तै परेको छ तर त्यसलाई सदुपयोग सरकारले गर्न सक्दैन त्यसको सिस्टम बनीसकेको छैन यदी

त्यसलाई समय सापेक्ष उपभोग गर्न पायो भने हाम्रो राज्यको कोषमा रेभिन्यू बढ्थ्यो त्यस कारण जनतामा अर्को किसिमको राहात हुन्थ्यो त्यो चिज बन्न सकेन अहिले सम्म किन भन्दा खेरि अहिले हामी देखि राख्या छौ काठमाडौ जादा खेरि बर्दियामा एउटा ट्रकमा लोड गरेको काठ कति बर्ष १७-१८ बर्ष भैसक्यो अहिले सम्म त्यो ट्रक पनि धोस्त भो त्यो काठ पनि ध्वस्त भो एउटा सिष्टम नबसेका कारणले आज त्यो परिस्थितिमा हामी गैराखेका छौ त्यस्तै जंगल भित्र प्रसस्त काठहरु सडिराखेको छ । त्यसलाई कलेक्ट गर्ने प्रावधान हामीले बनाउन सकेनौ त्यसैले गर्दा यो देशलाई धेरै ठुलो घाटा भएको छ अब प्रादेशिक उसमा जस्तो प्रदेश भित्र बनका अधिकारहरु आएका छन् र प्रदेशको आम्दानीको महत्वपूर्ण स्रोत यो हुन सक्छ यो महत्वपूर्ण स्रोतलाई सहयोग सदुपयोग गर्नु पर्छ यो विधेयकले यसमा बनेका कानूले ती कुरालाई सदुपयोग गर्ने छ भन्ने मैले विश्वास लिएको छु । जस्तो अहिले घर बनाउदा हामीले डाइरेक्ट काठ लिदा खेरी धेरै महंगो पर्छ टिसिएन खोलिएको छ । टिसिएनलाई पनि एउटा कानूनी रुपमा बलियो बनाएर जनतालाई काठ उपलब्ध गराउने कुरामा सस्तो र सुलभ मुल्यमा उपलब्ध गराउने कुरामा त्यतातिर पनि सरकारले ध्यान दिनु पर्छ र यो विधेयकले त्यसलाई पनि आफु भित्र तानेर टिसिएनको जुन कन्सेप्ट छ त्यो कन्सेप्टलाई जनताको पक्षमा ढाल्ने प्रयास यो विधेयकले त्यो गर्नु पर्छ भन्ने मैले महसुस गरेको छु त्यस्तै हाम्रो बन भित्र प्रसस्त किसिमका जडीवुटीहरु छन् ती जरिवुटीहरु के कति आइरहेका छन् कसरी गैराखेका छन् र कुन चीजबाट के चिज बनिराख्या छ भन्ने कुरा हाम्रो बन मन्त्रालय र राज्यले त्यो कुरा देखाउन सकेको छैन जस्तो उदाहरणको लागि डडेल्धुरामा झ्याउ कलेक्सन हुन्छ सल्लाको रुखबाट आउने झ्याउ त्यो त्यहाबाट अहिले बन्द गरेको छ विगतका दिनमा प्रसस्त त्यो आउथ्यो त्यो आउदा त्यसलाई नेपालगन्ज सप्लाइ गरिन्थ्यो मैले नेपालगन्जमा जहा कलेक्सन हुन्थ्यो त्यो ठाउँमा गएर पनि सोधे यसको के बन्छ त भन्दा खेरी के बन्छ हामी त इण्डिया पठाउँने हो भने भनाइको मतलब हामीले त्यो झ्याउबाट के चिज इण्डियामा बनिराखेको छ अथवा अन्य देशमा के गैराखेको छ त्यसबाट के बनिराखेको छ भन्ने कुरा चाहि हाम्रो गभरमेन्टलाई थाहा छैन र यि कुराहरु एक्सपोट राखेर ती कुराहरु गभरमेन्टले जानकारी लिनुपर्छ र जनतालाई त्यो सुझाव दिन सक्नु पर्छ किन भन्दा खेरि त्यसले पनि हाम्रो हामी त्यो फ्याक्ट्रि त्यो झ्याउबाट के बन्न सक्छ भन्ने एउटा कन्सेप्ट बन्यो भने नेपालमै त्यसको फ्याक्ट्रि राखेर कमसेकम बेरोजगारी हटाउने अर्कोतिर आर्थिक उन्नती पनि गर्न सकिने अवस्था नेपाल भित्र आउन सक्छ त्यसैले यो विधेयकले यि कुराहरलाई छुनु पर्छ केही कुराहरु छोएको छ कानून बनेको छ यो कानूनले यि परिधी भित्र बसेर हाम्रो प्रदेशको जनतालाई बनबाट हुने जुन अपठ्याराछन् तीनलाई सजिलोपनमा ल्याउने छ भन्ने विश्वास लिएको छु धन्यवाद ।

**माननीय मालामति कुमारी राना**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक लाई समितिका माननीय सदस्यज्यूहरुले एकदमै धेरै मेहनत गरेर ल्याउनु भएको छ समितिका माननीय सदस्यज्यूहरुलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु । यो विधेयक एकदमै महत्वपूर्ण विधेयक हो किन भन्दा खेरी हाम्रो सुदूरपश्चिम बन जंगलले घेरीएको प्रदेश हो यो प्रदेशको जंगललाई हामीले कसरी संरक्षण र सम्वर्द्धन गर्ने भन्ने भएको हुनाले अब देखि हामीले एउटा कानून विधेयक बनाएर हामीले

अगाडी बढीरहेका छौ । माननीय सभामुख महोदय, म यो विधेयक राष्ट्रिय बन सम्बन्धी व्यवस्थामा केही सरसरती मैले हेर्दा खेरी यसमा केही कुराहरु समेटिएको पाएन त्यस कारण माननीय सभामुख महोदय बन जंगलको बढ्दो अतिक्रमणले गर्दा तथा सामुदायिक उपभोक्ता बन समिति राष्ट्रिय बन निजि बन अतिक्रमण रोक्न वा अतिक्रमण गर्न व्यक्ति वा समुहगत रुपमा उपब्ध काठदाउरा प्राप्त गर्न बन जंगल क्षेत्र भन्दा टाढाका समुदाय सहज रुपमा उपलब्ध गर्न सक्दैनन धेरै जस्तो समुदाय आफ्नै दर्ता जग्गामा रुख वृक्षारोपण गरेको पाइन्छ जब रुख काट्नेबेला हुन्छ बन सँग सम्बन्धीत झण्जेटीलो नियमका कारण आफैले रोपेको रुख समयमा आफैले काट्न नपाउने भएकोले व्यक्ति दर्ता जग्गामा रोपिएका रुख कटानी तथा प्रयोगका लागि एकद्वार सहयोग प्रणाली व्यवस्था एकै ठाउँबाट कटानी आदेश पूर्जि यसै विधेयकमा व्यवस्था गर्न म अनुरोध गर्न चाहान्छु किन भन्दा खेरी प्रदेश कानून बनि रहदा राष्ट्रिय बन प्रदेश सरकारको मातहत भएकोले पनि नीजि रुखहरु सहज रुपमा कटानको व्यवस्था हुन जरुरी मैले देखेको छु र नीजि रुखहरुको व्यवसाय गर्न पाउनु पर्छ भन्ने पनि मेरो माग छ । माननीय सभामुख महोदय, २६ को (३) मा जुन संशोधन वा थप हुनुपर्ने व्यवस्थामा म केही सुझाव दिन चाहान्छु जुन साझेदारी बन उपभोक्ता समुहलाई प्राप्त हुने बन पैदावार विक्रि वितरण प्राप्त रकम मध्ये कम्तीमा तीस प्रतिशत रकम बनको विकास संरक्षण र व्यवस्थाका लागि खर्च गरि बाँकी रहेको रकम कम्तीमा ५० प्रतिशत रकम सम्बन्धीत स्थानीय तहमा समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्ने छ भन्ने यसमा छ यसमा चाहि म सुझाव दिन चाहान्छु जुन एउटा सशक्तिकरणको लागि यसमा लेखिएको छ । अपांग, वृद्ध वृद्धा पनि यसमा थप हुनु पर्छ मलाई लागेको छ । त्यसै गरि क्रम संख्या १३ को ४२(३) मा उपदफा २ बमोजिम निबेदन पर्न आएमा निर्देशकले तोकिए बमोजिम आवश्यक जाँचबुझ गरि कवुलियत बन प्रदान गर्न उपयुक्त देखिएमा सिफारिस सहित सम्बन्धमा पेश गर्नु पर्ने छ र मन्त्रालयले स्वीकृत गर्नु पर्ने छ भन्न् यसमा छ कबुलियत बन भन्नाले मैले बुझेको कबुलियत बन अहिले सम्म सरकारले जुन सामुदायको जिम्मेवारी लगाउनु भा को थियो त्यसमा साहेद मलाई लागेको छ विगतमा उदाहरणको लागि ७० बर्ष ५० बर्ष जस्तो तोकिएको थियो त्यस कारण चाहि यसमा पनि उपयुक्त देखिएमा अवधी तोकि जस्तै उदाहरणको लागि ५ बर्ष, १० बर्ष, १५ बर्ष, २० बर्ष तोक्नु पर्छ भन्ने पनि मलाई लागेको छ । अरु त सबै ठिकै लागेको छ यत्तीकैमा आफ्नो कुरा अन्त्य गर्दै विदा हुन्छु धन्यवाद नमस्कार

माननीय सदस्यहरू,

**"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफल भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि माननीय सदस्यज्यूहरुबाट यो विधेयकमा र अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट सुझाव सहित प्रस्तुत भएको विधेयक माथि असाध्यै महत्वपूर्ण सुझावहरु प्राप्त भएका छन् । हाम्रो सुदूरपश्चिम प्रदेशमा प्रदेशको राष्ट्रिय बन भित्र असाध्यै ठुलो काठ दाउराहरु बर्षेनी आगोले जलेर जाने, चोरी निकासी भएर जाने र सरकारलाई र प्रदेश सरकारलाई पनि कुनै पनि राजश्व प्राप्त नहुने त्यो परिस्थिति हिजो थियो । अघि माननीयज्यूबाट पनि कालोपत्रे भाको छ तर विचका रुखहरु निकाल्न पाइएका छैनन त्यस्तो अवस्था थियो हिजो सम्म त्यसैले प्रदेश सरकारले समग्र सुदूरपश्चिम बासि जनताको सर्वसुलभ तरिकाले समयमै काठ उपलब्ध पाउँने उद्देश्यका साथ जुन यो विधेयक सरकारले प्रस्तुत गरेको थियो त्यसमा माननीयज्यूहरुका अमुल्य सुझावलाई कहि कतै परिमार्जन गर्नु पर्ने, त्यसलाई सुधार्नु पर्ने छ भने अहिले आएका सुझावलाई सरकारले त्यसलाई सुझावको रुपमा ग्रहण गर्दै सुधारेर यसलाई परिमार्जन सहित प्रस्तुत गर्ने कुराहरु म अनुरोध गर्न चाहान्छु । जनताले सर्वसुलभ तरिकाले बन पैदावार पाउने कुराहरु आगलागीबाट  क्षतिको न्यूनीकरण हुने कुराहरु, औद्योगिक क्षेत्र संचालन गर्न पाउँने प्रावधानको व्यवस्थाका कुराहरु, अव्यवस्थित बसोबास भित्र रहेका रुखहरुलाई समय मै संकलन गरेर प्रदेश सरकारको राजश्व बढाउने कुराहरु, जडिबुटी आदी इत्यादीलाई संकलन गरेर सरकारले समय मै राज्यको प्रदेश सरकारको आर्थिक अवस्थालाई बढाउने कुराहरु यो विधेयकले महत्वपूर्ण भूमिका खेल्छ । हाम्रो सुदूरपश्चिममा ६० प्रतिशत जति हाम्रो भू-भाग जंगलले ओगटेको छ । यो क्षेत्र आफैमा बन धेरै भएको क्षेत्र हो । त्यसैले हामीले समय मै यसलाई अगाडी बढाएर यो विधेयक पास भैसकेपछी सरकारले यसलाई यथाशिघ्र कार्यान्वयन गरेर अगाडी बढ्ने कुराहरु म सम्मानीत सदन समक्ष अनुरोध गर्न चाहान्छु । यहा माननीयज्यूहरुका असाध्यै महत्वपूर्ण सुझावहरु आएका छन् । २६ को ३ मा सुधार गर्नु पर्ने कुरा, ४३ को ३ मा निश्चित समयका लागि कबुलियत बनको समय सीमा तोक्नु पर्ने कुरा यहा भन्दा पहिले पनि समय सीमा तोकिएको थियो अझ यसलाई पहिला ५० बर्ष, ७० बर्ष थियो यसलाई घटाउदा उपयुक्त हुन्छ भने यसलाई पनि हामी समय सीमा तोक्नका लागि सरकार तयार छ । मनोनयन गर्ने कुरामा विज्ञ जो बन सँग सम्बन्धीत छ त्यस्तो विज्ञलाई मनोनित गर्दा उपयुक्त हुन्छ भन्ने माननीयज्यूको असाध्यै अमुल्य सुझावलाई सरकारले ग्रहण गर्दै हामी यो बन सँग विज्ञहरुलाई त्यो समितिमा राख्ने गरी यो विधेयकलाई कही कतै ह्रस्व, दिर्घ, कमा कहि तल माथि फरक परेका छन् भने त्यसलाई बसेर सुधारेर अगाडी बढ्ने कुराहरु यहाहरु समक्ष राख्दै यो महत्वपूर्ण विधेयकमा आफ्ना अमुल्य सुझाव राख्नुहुने माननीयज्यूहरुलाई सरकारको तर्फबाट धन्यवाद दिदै विदा हुन्छु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २८ (अट्ठाइस) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरुलाई विधेयकको अङ्ग बनाईयोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समूहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २८ (अट्ठाइस) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरु सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि १०१ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि १०१ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू,

अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** सुदूरपश्चिम प्रदेश भित्रको राष्ट्रिय वनलाई प्रदेश सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, चक्ला वन र निजी वनको रुपमा व्यवस्थापन गर्न तथा वन, वनस्पति, वन्यजन्तु, वातावरण, जलाधार एवं नदीजन्य पदार्थको संरक्षण एवं दिगो व्यवस्थापन र पर्यापर्यटनको प्रबर्द्धन गरी वन पैदावारको उत्पादन एवं उत्पादकत्व बढाउदै वनजन्य श्रोतको न्यायोचित वितरण गर्न, वातावरणीय स्वच्छता कायम गर्न तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन तथा सदुपयोग गरी प्रदेशको समृद्धिमा टेवा पुर्‍याउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सुदूरपश्चिम प्रदेश राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक लाई सभाबाट पारित गरियोस भनी यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउछु ।

मिति :- २०७८/०१/०६

माननीय सभामुखज्यू

प्रदेश सभा,

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

विषय :- प्रदेश सभाको सातौं अधिवेशन अन्त्य सम्बन्धमा ।

नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिशमा प्रदेश सभाको सातौं अधिवेशन मिति २०७८ साल वैशाख महिना ०७ गते मंगलबार राती १२:०० बजे देखी लागु हुने गरी अन्त्य गरेको छु ।

(सर्मिला कुमारी पन्त)

प्रदेश प्रमुख

<u>**बोधार्थ**</u>

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय,

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**माननीय सदस्यहरु,**

यो अधिवेशनको शुभारम्भ मिति २०७७।१०।२६ गते सोमबारको दिनबाट भएको थियो । यो अधिवेशन प्रारम्भ भई हालसम्म कार्य गर्दा देहाय बमोजिमका मुख्य कार्यहरू सम्पन्न भएका छन् :-

९क० पारित विधेयकहरु :

१. "प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक"२०७६ ,,

२. सुदू"रपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक",

३. मसुदूरपश्चि"प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक",

४. सुदूरप"श्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेयक",

५. द्दण्ठट ,ऐन प्रदेश लोक सेवा आयोग"लाई संशोधन गर्न बनेको विधेयक",

६. "सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन,लाई संशोधन गर्न बनेको 2074 विधेयक",

७. "सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" ।

९ख० विचाराधिन विधेयकहरु :

१. सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

२. दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७,

३. सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७,

४. सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ।

९ग० यस सभाको सातौं अधिवेशनदिनसम्म संचालन भएको थियो । उक्त अवधिमा जम्मा समय द्दण १७ घण्टा १८ मिनेटमा जम्मा द्दज्ञ वटा बैठक सम्पन्न भएका थिए ।

९घ० यस अधिवेशनमा विशेष समय ४ पटक र शुन्य समय २ पटक संचालन भएको थियो ।

**माननीय सदस्यहरु,**

यस सातौं अधिवेशनको अन्तिम वैठकको कारबाही यही समाप्त हुन्छ ।

अन्तमा यस सभाको सातौं अधिवेशनमा सभाको मर्यादा कायम राखी अनुशासित भई बैठक सञ्चालनमा सहयोग पुर्‍याउने सम्पुर्ण माननीय सदस्यहरु र सचिवालयका कर्मचारीहरुलाई धन्यवाद दिँदै सातौं अधिवेशन यही अन्त भएको घोषणा गर्दछु ।